जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८२ पृष्ठः ४ | २०८२ कार्तिक २३ आइतबार (Sunday 09 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# २५ दिनमै ढल्यो मधेश सरकार

**संविधानअनुसार धारा १६८ (२) अन्तर्गतको नियुक्त मुख्यमन्त्रीले विश्वासको मत नपाएपछि संसद्को ठूलो दलको हैसियतले अब एमाले संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री हुनेछन्।**



काठमाडौँ, २२ कार्तिक। मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मन नपाउने भएपछि राजीनामा दिएका छन्। कांग्रेस र एमालेलाई पाखा लगाएर मुख्यमन्त्री बनेका सोनल नेतृत्वको सरकार २५ दिनमै ढलेको हो। सोनलले शनिबार मधेस प्रदेशसभामा विश्वासको मत लिने कार्यक्रम थियो। मुख्यमन्त्री बनाउन समर्थन गरेका सांसद विपक्षी कित्तामा उभिएपछि सोनलले विश्वासको मत नपाउने सुनिश्चित भएको थियो। आफ्नो पक्षमा बहुमत नपुग्ने भएपछि विश्वासको मतका लागि प्रक्रिया नै सुरु नहुँदै उनले राजीनामा दिएका हुन्।

सोनल संविधानको धारा १६८ (२) बमोजिम असोज २९ गते मुख्यमन्त्री नियुक्ति भएका थिए। सोनल गएको असोज २९ गते जनता समाजवादी पार्टी, जनमत, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादी गरी पाँच दलका ५६ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए। संविधानअनुसार धारा १६८ (२) अन्तर्गतको नियुक्त मुख्यमन्त्रीले विश्वासको मत नपाएपछि संसद्रुको ठूलो दलको हैसियतले अब एमाले संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री हुनेछन्।

संविधानको धारा १६८(३) मा प्रदेशसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्ति हुन सक्ने अवस्थ नभएमा वा त्यसरी नियुक्ति मुख्यमन्त्रीले उपधारा (४) बमेजिम विश्वासको मत प्राप्त गर्न नसकेमा प्रदेश प्रमुखले प्रदेशसभामा सबैभन्दा बढी सदस्यहरु भएको संसदीय दलका नेतालाई मुख्यमन्त्री नियुक्ति

**–बाँकी तीन पेजमा**

# मधेसमा तेस्रो सर्प महोत्सव हुँदै

जनकपुरधाम, २२ कार्तिक। मिथिला क्षेत्रको जैविक विविधता र सांस्कृतिक चेतनासँग जोडिएको नेपाल सर्प महोत्सव यो वर्ष पनि जनकपुरधाममा भव्य रूपमा आयोजना हुने भएको छ। देशको बदलिँदो राजनीतिक परिस्थितिका कारण सारिएको तेस्रो संस्करणको महोत्सव अब कार्तिक ३० र मङ्सिर १ गते धनुषाको मिथिला विहारी नगरपालिका–२ र ३ स्थित जनमुक्ति चोक नजिकै हुने आयोजकहरूले जनाएका छन्।

मिथिला वाइल्डलाइफ ट्रष्ट र

**–बाँकी तीन पेजमा**

# सप्तरीमा ब्राउनसुगर सहित दुई युवक पक्राउ

**विनय कर्ण**

सप्तरी, २२ कार्तिक। सप्तरी जिल्लाको सुरुङ्गा नगरपालिका वडा नम्बर ४ कनकपुर चौकबाट ब्राउनसुगरसहित प्रहरीले दुई युवकलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा पक्राउ पर्नेमा सुरुङ्गा ४ कनकपुर टोल घर भएका २५ वर्षीय अमिर कान्त चौधरी र सोही ठाउँका २४ वर्षीय दिपक कुमार चौधरी रहेका छन्।

इलाका प्रहरी कार्यालय भेडियाबाट खटिएको गस्ती टोलीले शुक्रबार कदमाहाबाट भेडिया आउँदै गर्दा उहाँहरुलाई रोकि जाँच गर्दा दिपक चौधरीको हातमा रहेको कालो प्लाष्टिकभित्र तीन थान साना प्लाष्टिक पुरिया फेला पारेको थियो। ती पुरिया खोली हेर्दा ब्राउन सुगर जस्तो देखिने पदार्थ भेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो। डिजिटल तराजुमा तौल गर्दा प्लाष्टिकसहित ०.२८० मिलीग्राम र प्लाष्टिक हटाउँदा ०.७० मिलीग्राम रहेको बताउनुभयो। सोहीक्रममा दुवै युवकको साथबाट १–१ थान रियलमी स्क्रिनटच मोबाइल समेत बरामद गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# लहानमा नौ करोड लागतमा अत्याधुनिक ‘कार्निभल सिनेम्याक्स’




सिरहा, २२ कार्तिक। लहान नगरपालिका–३ स्थित हस्पिटलचोक नजिकै रु नौ करोड लगानीमा सुविधासम्पन्न र अत्याधुनिक प्रविधियुक्त ‘कार्निभल सिनेम्याक्स’ सिनेमा हल सञ्चालनमा आएको छ। स्थानीय मुरारका परिवारको लगानीमा निर्माण भएको यो सिनेमा हललाई सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शनिबार साँझ एक समारोहबीच उद्घाटन गरे।

कार्निभल सिनेम्याक्सका अध्यक्ष अभिनव मुरारकाले यो सिनेमा हल पूर्वाञ्चल क्षेत्रकै पहिलो एडभान्स प्रविधिमा बनेको दाबी गरे। उनका अनुसार, नवनिर्मित सिनेमा हलको क्षमता १३८ सिट रहेको छ। अध्यक्ष मुरारकाले यो हललाई मनोरञ्जनको साधन मात्र नभई पर्यटकका लागि नयाँ गन्तव्यको रूपमा प्रस्तुत गरेकम छन्। “यो एउटा सिनेमा हलमात्रै होइन, लहानमा पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने आकर्षक गन्तव्य पनि हो”, उनले भने, “समयको माग र दर्शकको चाहनालाई सम्बोधन गर्दै अत्याधुनिक प्रविधिबाट मनोरञ्जन दिन खोजिएको हो।”

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## जुवातासले गर्छ सर्वनाश

**जुवातासको लतले,**

- पारिवारिक कलह, झै–झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू कुलतमा फस्न सक्छन्,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## नेताहरूको चेत कहिले आउने हो ?

संसारभर माथिल्लो सदनमा चुनाव नलड्ने तर राष्ट्रका लागि आवश्यक व्यक्तिहरू रहन्छन्। विविध विषयमा विज्ञ तथा विख्यात व्यक्तिहरूलाई सम्मान स्वरूप माथिल्लो सदनमा लगिन्छ। नेपाल भने जनताले अस्वीकार गरेको व्यक्तिलाई उही संसदीय कार्यकालमा राष्ट्रिय सभा सदस्य बनाएर दलगत राजनीतिक स्वार्थ पूरा गर्ने लाजमर्दो दृष्टान्तको उदाहरण बनेको छ।

नेपाली कांग्रेसले कृष्णप्रसाद सिटौला, नेकपा (एमाले)ले वामदेव गौतम र नेकपा (माओवादी केन्द्र)ले नारायणकाजी श्रेष्ठलाई प्रतिनिधि सभामा हारेकै अवधिमा राष्ट्रिय सभामा पठाएको हो। पदलोलुपता र संविधानको भावना तथा जनमतको अवहेलनाको यस्तो निर्लज्ज दृष्टान्त नेपालबाहेक सायद अन्यत्र कतै भेटिँदैन।

सरकारले हालै अनावश्यक खर्च घटाउने क्रममा संसद्का पदाधिकारी तथा सदस्यले पाउने सुविधा घटाउने निर्णय गरेको थियो। यही क्रममा प्रदेश सभाका सदस्यहरूलाई दिइएको सहयोगीहरूको सुविधा पनि हटाइयो थियो। यसरी सुविधा घटाउने सरकारको निर्णयलाई जनसाधारणले समेत सराहना गरेका थिए भने जेन–जी आन्दोलनकारीले पनि राजनीतिक पदाधिकारीहरूलाई दिइएको सुविधाप्रति पनि आक्रोश प्रकट गरेका थिए।

तर, सरकारी निर्णयलाई सकारात्मकरूपमा लिनुको साटो राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले संघीय संसद्का पदाधिकारी तथा सदस्यले पाउने सुविधा घटाउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेका छन्। यसले नेपालका राजनीतिक नेताहरूको राज्यलाई दोहन गर्न कत्ति नहिचकिचाउने मानसिकताको प्रतिनिधित्व गरेको छ।

नेपाली राजनीतिक नेताहरूले जनसाधारण आफ्ना प्रतिनिधिहरूले विलासी जीवनयापन गरेको देख्न मन पराउँदैनन् भन्नेमा कहिल्यै वास्ता गरेको देखिएन। अहिले देखिएको जनअसन्तोषको एउटा कारण यो पनि हो । जेन–जीले उनीहरूकै पुस्ताका नेताका छोराछोरीको जीवनशैलीमा देखिएको भद्दा वैभव प्रदर्शन नरुचाएजस्तै जनसाधारण पनि कम्तीमा आफ्ना नेताहरूले अस्वाभाविक जीवन शैली अपनाएको देख्न मन पराउँदैनन्।

नेपालका सांसदहरूले अहिले पाउने पारिश्रमिक उनीहरूको गुजारा चलाउन पुग्ने नै छ। यस्तै तिनको कार्यबोझअनुसार अहिले स्वकीय सचिव वा अरू सहयोगी नभई नहुने अवस्था पनि छैन। नेपालको प्रतिव्यक्ति आयका अनुपातमा संसद्का पदाधिकारी वा सदस्यहरूले पाउने न्यूनतम सुविधालाई पनि कम भन्न मिल्दैन। यसैले अध्यक्षको 'सुविधा कटौतीमा पुनर्विचार' गर्ने आग्रह औचित्यपूर्ण देखिँदैन।

जेन–जी पुस्ताका युवाको आह्वानमा भएको आन्दोलनले शासन र प्रशासनका साथै राजनीतिक नेतृत्वको सोच र शैलीमा पनि आमूल परिवर्तन हुनुपर्ने सन्देश दिएको छ। साथै, राज्यको स्रोत साधनको उपयोग औचित्यपूर्णरूपमा होस् भन्ने पनि यस आन्दोलनको माग देखिन्छ। यसलाई सहजरूपमा स्वीकारेर समयसापेक्ष परिवर्तित नहुने हो भने व्यक्तिमात्र होइन राजनीतिक शक्तिहरू पनि असान्दर्भिक हुनेछन्।

### *लहानमा नौ ...*

उनका अनुसार, यस हलमा एडभान्स साउन्ड सिस्टम र 'प्रोजेक्टर' जस्ता उच्च प्रविधियुक्त सुविधा उपलब्ध छन्। दर्शकहरूका लागि टिकटको मूल्य रु ३०० देखि रु ९०० सम्म निर्धारण गरिएको छ। हलमा दैनिक चार 'सो' सञ्चालन गरिनेछ।

मधेस प्रदेशमा वीरगञ्जबाहेक अन्यत्र सुविधासम्पन्न हल नभएको अवस्थामा लहानमा खुलेको यो हलले सिरहा, सप्तरी र उदयपुर आसपासका बासिन्दालाई लक्षित गरेको छ। यसअघि स्तरीय सिनेमा हल नहुँदा यी क्षेत्रका दर्शक फिल्म हेर्न वीरगञ्ज वा विराटनगरसम्म पुग्नुपर्ने बाध्यता थियो। यसका साथै, भारतीय सीमा क्षेत्रनजिक रहेकाले सीमावर्ती जिल्लाका लाखौँ भारतीय नागरिकलाई पनि आकर्षित गर्ने निर्माण पक्षले अपेक्षा गरेको छ। नयाँ सिनेमा हल सञ्चालनमा आउँदा स्थानीय, उद्योगी, व्यवसायी र जनप्रतिनिधिहरू उत्साहित भएका छन्।

यस सन्दर्भमा उद्योग वाणिज्य संघ सिरहा, लहानका अध्यक्ष विकास सारडाले खुसी व्यक्त गर्दै भने, "मोफसलमा 'गतिलो हल छैन' भन्ने सिरहावासीको गुनासोको अन्त्य भएको छ। यसलाई गौरवको रूपमा लिनुपर्छ, यसले लहानको पर्यटन तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान दिनेछ।"

लहान नगरपालिका–७ का वडाध्यक्ष राम औतार शर्माले कार्निभल सिनेम्याक्सजस्ता उद्योगमा भएको लगानीले देशलाई समृद्धिको दिशातिर अग्रसर गराउने बताउँदै नेपाललगायत भारतबाट आउने दर्शकले लहान बजारलाई चलायमान बनाउने विश्वास व्यक्त गरे।

# असल शिक्षक : आत्माको ज्योति बनेर समाज उज्यालो पार्ने गुरु

**झुपा धामी**

शिक्षक एउटा साधारण शब्द होइन। यो शब्दभित्र गहिरो अर्थ, सामाजिक उत्तरदायित्व र आत्मिक दर्शन लुकेको छ। शिक्षक भन्नाले केवल किताबका अक्षर पढाउने व्यक्ति होइन, बरु जीवनका गहिरा अर्थ बुझाउने, चेतनाको द्वार खोल्ने, र अन्धकारमा दिशाको संकेत दिने मार्गदर्शक हुन्। शिक्षकले केवल मस्तिष्क होइन, हृदय पनि शिक्षित बनाउँछन्। उनीहरूले केवल अक्षर होइन, मूल्य, विचार, दृष्टिकोण र चरित्रको निर्माण गर्छन्। त्यसैले शिक्षक मानव सभ्यताको साँचो निर्माता हुन्।

तर समयको गतिसँगै शिक्षण पेसाको मूल आत्मा क्षय हुँदै गएको देखिन्छ। समाजले शिक्षकप्रतिको श्रद्धा गुमाउँदैछ, विद्यार्थीले शिक्षकप्रतिको भरोसा घटाउँदैछन् र शिक्षक स्वयं पनि आफ्नो 'गुरु' पहिचानबाट बिस्तारै टाढा भइरहेका छन्। आजको समयमा धेरै शिक्षकहरू राजनीतिक संगठन, संघ र दलका नजिक भएर शिक्षाको धर्म बिर्सिरहेका छन्। उनीहरू दलगत आदेश र स्वार्थको खेलमा फँस्दैछन्। परिणामस्वरूप शिक्षाको मूल उद्देश्य, चरित्रवान्, सचेत, र सृजनशील नागरिक उत्पादन गर्ने कार्य, दुर्बल हुँदै गएको छ।

तर यो पतनको कथा अन्त्य होइन। समाधान पनि यहीँ छ, जब शिक्षक फेरि आफ्नो गुरु, धर्ममा फर्किन्छन्, जब उनीहरूले शिक्षणलाई पेसा होइन, पवित्र आह्वानका रूपमा ग्रहण गर्छन्, तब नै शिक्षा र समाज दुवै पुनर्जीवित हुन्छन्। असल शिक्षक बन्ने बाटो कठिन छ, तर असम्भव होइन। शिक्षकको अस्तित्व केवल कक्षा कोठासम्म सीमित हुँदैन। उनीहरूको भूमिका राष्ट्रको नैतिक, सामाजिक र बौद्धिक मेरुदण्डका रूपमा फैलिएको हुन्छ। जब शिक्षक निष्पक्ष, इमानदार र निष्ठावान् हुन्छन्, तब विद्यार्थीको मनमा शिक्षाप्रतिको श्रद्धा बस्छ। तर जब शिक्षक स्वार्थ, राजनीतिक प्रभाव र अनैतिक लाभमा रमाउन थाल्छन्, तब विद्यार्थीको चेतना पनि विकृत हुन्छ। आजको युगमा शिक्षण मिसन होइन, धेरैका लागि पेसा, कहिलेकाहीँ पद र प्रभावको साधन बनेको छ। यसले शिक्षाको मूल दर्शन, 'सत्यमेव जयते' लाई कमजोर बनाएको छ।

असल शिक्षकको पहिलो पहिचान उनको स्वतन्त्रता र विवेक हो। शिक्षकको सोच कुनै दल, धर्म वा प्रवृत्तिले नियन्त्रण गर्न मिल्दैन। उनी स्वतन्त्र चेतनाका प्रतिनिधि हुन्। जसरी दीपकले प्रकाश फैलाउँछ तर आगोले उसको आधार जलाउन सक्दैन, त्यस्तै शिक्षकले समाजलाई ज्ञानको उज्यालो दिन्छन् तर अन्धो निष्ठा र स्वार्थले उनलाई जलाउन पाउँदैन। दुर्भाग्यवश, अहिले धेरै शिक्षकहरू यस्ता दलगत संघ–संगठनमा आबद्ध भएका छन्, जसले उनीहरूको स्वतन्त्र विवेकलाई नष्ट गर्दैछ। उनीहरूले आफूलाई शिक्षाको सिपाही होइन, दलका कार्यकर्ता बनाएका छन्।

जब शिक्षकको कलम राजनीतिक आदेशको अधीनमा चल्छ, तब शिक्षा मृत हुन्छ। विद्यालय र विश्वविद्यालयहरू ज्ञानको मन्दिर होइन, प्रचारका केन्द्र बन्न पुग्छन्। शिक्षकहरू नीतिगत निर्णयहरूमा आफ्नो स्वार्थका आधारमा आवाज उठाउँछन्, विद्यार्थीहरू विभाजनमा तानिन्छन्, र शिक्षालयहरूको आत्मा दिशाहीन हुन्छ। यस्तो अवस्थामा शिक्षा केवल डिग्री उत्पादनको माध्यम बन्छ, विचार उत्पादनको होइन। तर असल शिक्षकले यस्तो अन्धकारमा पनि प्रकाश फैलाउँछन्। उनी राजनीतिक दबाबभन्दा माथि उठ्छन्, सत्य र न्यायका पक्षमा अडान लिन्छन्। उनी विद्यार्थीका आँखा खोल्छन् ताकि विद्यार्थीहरू सोच्न, प्रश्न गर्न र आफ्नो विवेक प्रयोग गर्न सिकून्। असल शिक्षक कुनै विचारको अनुयायी होइन, ज्ञानको साधक हुन्छ। उनीहरूले सिकाउँछन्, सत्यलाई खोज्नु, प्रश्न गर्नु र अनुभव गर्नु शिक्षा हो, अनुकरण गर्नु होइन।

असल शिक्षकको अर्को पहिचान हो, मानवता र संवेदनशीलता। उनी विद्यार्थीलाई केवल अंकद्वारा होइन, अनुभूतिद्वारा मापन गर्छन्। असल शिक्षकले बुझ्छन, विद्यार्थी केवल पाठ्यपुस्तक पढ्नका लागि विद्यालय आउँदैन, ऊ जीवनको उत्तर खोज्न आउँछ। त्यसैले शिक्षकले पाठको व्याख्या मात्र होइन, जीवनको व्याख्या पनि गर्नुपर्छ। शिक्षकको बोली, हाउभाउ र व्यवहार विद्यार्थीको हृदयमा बस्छ। साँचो शिक्षकले आफूलाई कहिल्यै 'श्रेष्ठ' ठान्दैन, बरु 'सेवक' ठान्छ, विद्यार्थीको सम्भावनालाई उजागर गर्ने सेवक।

अहिलेको समय भौतिक प्रगतिले भरिएको छ, तर आत्मिक शून्यताले पनि। प्रविधि र आधुनिकताले मानिसलाई सजिलो जीवन त दिएको छ, तर संवेदना, नैतिकता र सरलता हराउँदै गएको छ। यस्ता अवस्थामा शिक्षकले केवल पाठ पढाउने होइन, मूल्य सिकाउने जिम्मेवारी पनि लिनुपर्छ। शिक्षकले विद्यार्थीलाई प्रतिस्पर्धा मात्र होइन, सहकार्य पनि सिकाउनुपर्छन्न उपलब्धि मात्र होइन, नैतिकता पनि सिकाउनुपर्छ। शिक्षाको गहिरो अर्थ हो, जीवनका हरेक कठिनाइमा नैतिक बलले उभिन सक्ने नागरिक तयार गर्नु।

तर यो सम्भव तब मात्र हुन्छ जब शिक्षक स्वयं आत्मानुशासित, इमानदार र आत्मविश्लेषी हुन्छ। शिक्षकको आत्म–सुधार नै शिक्षाको सुधार हो। जो शिक्षक अध्ययनमा निरन्तर रहन्छ, नयाँ विचार र विधि सिक्छ, र आफूलाई अद्यावधिक राख्छ, ऊ विद्यार्थीका लागि साँचो आदर्श बन्छ। तर जो शिक्षक स्थिर सोचमा बाँधिन्छ, राजनीति र स्वार्थमा रमाउँछ, ऊ शिक्षा प्रणालीका लागि चुनौती बन्छ। असल शिक्षकले हरेक दिन आफ्नो शिक्षण पद्धति, आचरण र उद्देश्यबारे आत्म–समीक्षा गर्नुपर्छ, 'के म विद्यार्थीमा प्रश्न गर्ने क्षमता जगाइरहेको छु वा केवल रटाउने संस्कार दोहोराइरहेको छु ?'

शिक्षक बन्नु भनेको सिप सिक्नु मात्रै होइन, आत्मा परिष्कृत गर्नु हो। असल शिक्षकले आफ्नो जीवनलाई नै शिक्षणको प्रयोगशाला बनाउँछ। उनले आफ्ना गल्तीहरूलाई स्वीकार गर्छन्, सिक्छन्, सुधार गर्छन्। यस्तो आत्म–जागरूकता बिना शिक्षकले केवल जानकारी दिन सक्छ, तर प्रेरणा दिन सक्दैन। विद्यार्थीलाई ज्ञान चाहिँ पुस्तकले दिन सक्छ, तर दृष्टि शिक्षकले मात्र दिन सक्छ। अब प्रश्न उठ्छ, जब शिक्षक राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ र पेसागत विकृतिबाट ग्रस्त छन्, तब उनीहरू कसरी 'गुरु' बन्न सक्छन् ? यसको उत्तर आत्म–परिवर्तनमा निहित छ। शिक्षकहरूले फेरि आफ्नो पेसालाई 'धर्म' का रूपमा स्वीकार गर्नुपर्छ, जहाँ शिक्षण केवल रोजगारी होइन, राष्ट्र निर्माणको जिम्मेवारी हो। शिक्षकले आफ्नो कार्यलाई पवित्र सेवाको रूपमा लिनुपर्छ, जहाँ मुख्य उद्देश्य विद्यार्थीमा मानवीय चेतना जगाउनु हो, न कि पद वा शक्ति प्राप्त गर्नु।

शिक्षक फेरि असल गुरु बन्नका लागि केही अनिवार्य मूल्यहरू पुनर्स्थापित गर्नुपर्छ। पहिलो, निष्पक्षता। शिक्षकले सबै विद्यार्थीलाई समान दृष्टिले हेर्नुपर्छ, जात, धर्म, राजनीति वा वर्गका आधारमा फरक व्यवहार गर्नु शिक्षाको आत्मा हत्या गर्नु हो। दोस्रो, इमानदार हुनु। शिक्षकले आफ्नो कार्यप्रति उत्तरदायी र निष्ठावान् हुनुपर्छ, चाहे निगरानी होस् वा नहोस्। तेस्रो, आत्मानुशासन। शिक्षक स्वयं अनुशासनबद्ध नभए विद्यार्थीले अनुशासन सिक्दैन। चौथो, सहानुभूति र मानवता। शिक्षकले विद्यार्थीको समस्या बुझ्न र त्यसको समाधानमा साथ दिनुपर्छ। र पाँचौं, आदर्श प्रस्तुत गर्ने क्षमता। असल शिक्षकले उपदेश होइन, उदाहरण दिनुपर्छ।

जब यी पाँच मूल्यहरू शिक्षकको जीवनमा जरा गाड्छन्, तब उनी केवल शिक्षक हुँदैनन्, गुरु बन्छन्। गुरु भनेको त्यो हो, जसले केवल ज्ञान दिँदैन, आत्मा उज्यालो पार्छ। जसले केवल मस्तिष्क होइन, हृदय पनि शिक्षित बनाउँछ। शिक्षकको प्रभाव पीढी–पीढी पार गर्छ। आजका शिक्षकले जस्तो सोच राख्छन्, भोलिका नागरिक त्यसै अनुसार सोच्नेछन्। यदि शिक्षक इमानदार छन् भने समाज सत्यवादी हुन्छ; यदि शिक्षक निष्पक्ष छन् भने न्याय बलियो हुन्छ; यदि शिक्षक देशभक्त छन् भने राष्ट्र सबल हुन्छ। शिक्षकको हरेक बोली, व्यवहार र निर्णयले भविष्य निर्माण गर्छ। त्यसैले शिक्षकको जिम्मेवारी केवल आफ्नो कक्षासम्म सीमित छैन, उनीहरूको प्रभाव सम्पूर्ण राष्ट्रको भविष्यमा प्रत्यक्ष पर्छ।

शिक्षकको सम्मान पुनर्स्थापित गर्न हामीले शिक्षकलाई मात्र होइन, सम्पूर्ण शैक्षिक प्रणालीलाई पनि सुधार्नुपर्छ। सरकार र समाजले शिक्षकलाई आर्थिक, सामाजिक र नैतिक दृष्टिले सम्मानजनक वातावरण दिनुपर्छ। तर त्यो सम्मानको पात्र बन्न शिक्षक स्वयं योग्य, उत्तरदायी र समर्पित हुनुपर्छ। सम्मान मागेर होइन, कर्मबाट कमाउनुपर्छ। शिक्षक भनेको केवल पढाउने होइन, बाँच्ने कला सिकाउने हो। उनले विद्यार्थीलाई 'कसरी' सोध्ने र 'किन' सोच्ने सिकाउँछ। असल शिक्षकले विद्यार्थीलाई अन्धविश्वासबाट ज्ञानतर्फ, स्वार्थबाट परमार्थतर्फ, र निराशाबाट आशातर्फ डोऱ्याउँछ। शिक्षकले विद्यार्थीलाई संसारको भ्रम देखाउँदैन, उसको वास्तविकता बुझ्ने आँखा दिन्छ।

अन्ततः, शिक्षक नै समाजको आत्मा हुन्। उनीहरू बिना शिक्षा दिशाहीन हुन्छ, र शिक्षा बिना समाज निर्जीव हुन्छ। शिक्षक भनेको त्यो दीपक हो, जसले आफ्नो तेल जलाएर अरूको बाटो उज्यालो पार्छ। आजको अन्धकारमय समयमा यस्तो दीपको आवश्यकता अझ बढी छ, जो स्वार्थ र राजनीति भन्दा माथि उठेर सत्य, विवेक र मानवीयताको प्रकाश फैलाउँछ। त्यसैले, असल शिक्षक बन्ने अभियान केवल शिक्षकहरूको व्यक्तिगत जिम्मेवारी होइन, राष्ट्रकै पुनर्जागरणको आवश्यकता हो। जब शिक्षकहरू फेरि निष्पक्ष, इमानदार र मानवकेन्द्रित बन्छन्, तब शिक्षा पुनः पवित्र बन्छन्न विद्यार्थीहरू पुनः प्रेरित बन्छन्न र समाज पुनः उज्यालिन्छ।

शिक्षकको हातमा कलम मात्र छैन, राष्ट्रको भविष्य छ। त्यो कलम जब सत्य, विवेक र प्रेमको स्याहीले लेखिन्छ, तब इतिहास उज्यालो हुन्छ। त्यसैले शिक्षकले कहिल्यै बिर्सिनु हुँदैन, उनी केवल पेसाकर्मी होइनन्, आत्माका अभियन्ता हुन्, भविष्यका मूर्तिकार हुन्, र मानवताको प्रकाशस्तम्भ हुन्। रातोपाटीबाट

# सन् २०३४ पछि दाँतको फिलिङमा पारोको प्रयोग गर्न नपाइने

१७५ वर्षभन्दा बढी समयदेखि दाँतको फिलिङमा प्रयोग हुँदै आएको 'डेन्टल अमलगम' अझै पनि विश्वका धेरै भागमा प्रयोगमा छ।



काठमाडौं, २२ कार्तिक। शुक्रबार जेनेभामा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा दाँतको फिलिङका लागि प्रयोग हुने पारोमा आधारित 'डेन्टल अमलगम' लाई २०३४ सम्ममा पूर्ण रूपमा हटाउने निर्णय गरिएको छ। यसलाई सदस्य राष्ट्रहरूले 'पारो प्रदूषण न्यूनीकरणको दिशामा एक ऐतिहासिक कोसेढुङ्गा' बताएका छन्। यो निर्णय 'मिनामाटा महासन्धि ( मिनामाटा कन्भेन्सन अन मर्करी)' का सदस्य राष्ट्रहरूले लिएका हुन्। यो सन्धि मानव स्वास्थ्य र वातावरणलाई पाराको खतरनाक प्रभावबाट बचाउनका लागि सन् २०१३ मा गरिएको थियो र सन् २०१७ देखि लागू भएको थियो।

पारोः १० सबैभन्दा खतरनाक रसायनमध्ये विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) लोपारालाई मानव स्वास्थ्यका लागि अत्यधिक हानिकारक मानिने दश प्रमुख रसायनमा समावेश गरेको छ। डब्ल्यूएचओका अनुसार, पारो शरीरका लागि विषाक्त हुन्छ र यसले स्नायु प्रणाली, मृगौला तथा श्वासप्रश्वास प्रणालीलाई गम्भीर क्षति पुऱ्याउन सक्छ। यद्यपि, धेरै देशहरूले पहिले नै पारोको प्रयोगमाथि रोक लगाइसकेका छन्, १७५ वर्षभन्दा बढी समयदेखि दाँतको फिलिङमा प्रयोग हुँदै आएको 'डेन्टल अमलगम' अझै पनि विश्वका धेरै भागमा प्रयोगमा छ।

सम्मेलनपछि जारी गरिएको वक्तव्यमा भनिएको छ, 'यो वैज्ञानिक आधारमा तय गरिएको समयबद्ध सहमति हो, जसले दन्त चिकित्सामा पारोको प्रयोगलाई पूर्ण रूपमा समाप्त गर्ने र सबै समुदायका लागि सुरक्षित भविष्यको दिशामा निर्णायक कदम चालेको छ।'

**२०३० को समयसीमामा विवाद**

सन्धिको दायराअन्तर्गत सदस्य राष्ट्रहरूले पारोको प्रयोगलाई बिस्तारै अन्त्य गर्न उपायहरू अपनाउनु पर्ने थियो। तर, यसपटक अफ्रिकी देशहरूको समूहले निश्चित समयसीमाको माग गरेको थियो। यसअन्तर्गत सन् २०३० सम्ममा यसको उत्पादन, आयात र निर्यातमाथि रोक लगाउने माग राखिएको थियो।

सम्मेलनको सुरुवातमा अमेरिकाका स्वास्थ्य मन्त्री रोबर्ट एफ केनेडी जुनियरले प्रश्न उठाएका थिए, 'जब ब्याट्री, औषधि र कस्मेटिक्समा पारो खतरनाक मानिन्छ, तब दाँतको फिलिङमा यो कसरी स्वीकार्य हुन सक्छ ?' उनले सुरक्षित विकल्पहरू उपलब्ध हुँदाहुँदै पनि सरकारहरूले स्वास्थ्य क्षेत्रमा पाराका यौगिकहरूलाई अनुमति दिनु अस्वीकार्य रहेको बताए।

इरान, भारत र बेलायतले सन् २०३० को समयसीमाको विरोध गरे। उनीहरूले यो कदम हतार हुने बताएका थिए। तर, लामो छलफलपछि सबै देशहरूबीच सन् २०३४ सम्ममा चरणबद्ध रूपमा यसको प्रयोग अन्त्य गर्ने सहमति बन्यो। मिनामाटा महासन्धिकी कार्यकारी सचिव मोनिका स्टाकिविचले भनिन्, 'हामीले पाराको इतिहासमा एक नयाँ अध्याय खोलेका छौँ। पारो प्रदूषण मानवताका लागि अभिशाप रहँदै आएको छ, तर आपसी समझदारी र सहयोगले हामी वास्तविक परिवर्तन ल्याउन सक्छौँ।'

**कस्मेटिक्स, खानी र उद्योगमा पनि असर**

सम्मेलनका दौरान कुल २१ नयाँ निर्णयहरू गरिए, जसको उद्देश्य मानव स्वास्थ्य र वातावरणलाई पारो प्रदूषणबाट बचाउनु हो। सदस्य राष्ट्रहरूले पारोयुक्त स्किन-लाइटनिङ कस्मेटिक्सलाई हटाउने प्रयास तीव्र पार्ने सहमति जनाएका छन्। यसबाहेक, साना स्तरमा गरिने सुन उत्खननमा पारोको प्रयोग घटाउने र पीभीसी प्लास्टिक निर्माणमा पारो-मुक्त उत्प्रेरकको आवश्यकतामाथि पनि छलफल भयो।

**के हो मिनामाटा महासन्धि?**

'मिनामाटा महासन्धि अन मर्करी' को नाम जापानको मिनामाटा सहरबाट लिइएको हो, जहाँ सन् १९५० को दशकमा पारोबाट भएको विषालु प्रदूषण त्रासदीले सयौँ मानिसको ज्यान लिएको थियो।

# अनलाइनबाट सामान किन्दा सावधान रहन प्रहरीको आग्रह




काठमाडौं, २२ कार्तिक। काठमाण्डौ – अनलाइन माध्यमबाट हुने ठगीका घटना बढेको भन्दै प्रहरीले सावधान रहन आग्रह गरेको छ। काठमाण्डौ प्रहरी परिसर र कास्की प्रहरीले छुट्टाछुट्टै सूचनामार्फत् सावधान रहन आग्रह गरेका हुन्। प्रहरीले अनलाइनबाट सामान खरिद गर्दा सामान प्राप्त गरिसकेपछि मात्र भुक्तानी गर्न, भरपर्दो विक्रेतासँग मात्र कारोबार गर्न, महँगो सामान अपत्यारिलो सस्तो मूल्यमा पाइएमा त्यो सामान चोरीको हुनसक्ने हुँदा सचेत रहन भनेको छ।

अनलाइनमा सस्तो दरमा सामान देखाइ अग्रिम रकम भुक्तानी गर्न लगाउने र पैसा आएको छैन भनी स्क्रिन शेयर गर्न लगाई 'ओटीपी' लिई खाता ह्याक गरी ठगी हुनसक्ने हुँदा कसैलाई पनि आफ्नो मोबाइलको स्क्रिन सेयर नगर्न प्रहरीले अनुरोध गरेको छ। प्रहरीले साथीभाइ र आफन्तका नामबाट विभिन्न समस्या देखाइ सामाजिक सञ्जालमा आर्थिक सहयोग माग गरेमा प्रत्यक्ष सम्पर्क गरेर यकिन गरेर मात्र सहयोग गर्न भनेको हो। अपरिचित व्यक्तिले विदेशबाट उपहार वा बहुमूल्य सामान पठाएको कुरालाई विश्वास नगर्न र सामाजिक सञ्जालमा अनलाइन रोजगारीको अवसर देखाएर लगानी गर्न लगाइ ठगी हुने हुँदा सावधानी अपनाउन प्रहरीको आग्रह छ।

वैदेशिक रोजगारीमा जाँदा भरपर्दो माध्यम रोज्न र पैसा दिँदा स्पष्ट रूपमा वैदेशिक रोजगारीको कारण खुलाई बैंकमार्फत कारोबार गर्न प्रहरीले भनेको छ। सामाजिक सञ्जाल तथा बैंकिङ एपहरूमा कठिन पासवर्ड राख्न, अपरिचित व्यक्तिहरूसँग साथी नबन्न, आफ्नो व्यक्तिगत विवरण सार्वजनिक नगर्न, आर्थिक सहयोगलगायत कुनै पनि बहानामा नफस्न र सामाजिक सञ्जालमा आएका अपरिचित लिङ्गहरू नखोल्न पनि प्रहरीले भनेको छ।

*२५ दिनमै ढल्यो...*

गर्नेछ भन्ने व्यवस्था छ। संविधानको धारा १६८ (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले पनि विश्वासको मत नपाएमा संविधानको धारा १६८(५) बमोजिम प्रदेशसभाका सदस्यरुमध्ये विश्वासको मत प्राप्त गर्न सक्ने सांसदलाई मुख्यमन्त्री नियुक्ति गर्ने व्यवस्था छ।

*मधेसमा तेस्रो...*

सेभ द लाइभ्सको संयुक्त आयोजनामा हुने यो दुई दिने महोत्सव 'सर्पको महत्त्व बुझौं, सहअस्तित्वलाई सम्मान गरौं, संरक्षणमार्फत भविष्य सुरक्षित गरौं' भन्ने मूल नाराका साथ मनाइनेछ। आयोजक अध्यक्ष देव नारायण मण्डलका अनुसार सर्पप्रति समाजमा अझै पनि भय र अन्धविश्वास कायम छ, जसले संरक्षणमा चुनौती सिर्जना गरेको छ। उनले भने, "सर्प डस्ने मात्र होइन, वातावरणीय सन्तुलनको अभिन्न अङ्क हो। महोत्सवले मानिस र सर्पबिचको सम्बन्धमा सकारात्मक सोच जगाउने प्रयास गर्नेछ"

महोत्सवमा विद्यालयका विद्यार्थी, स्थानीय जनप्रतिनिधि, पशु चिकित्सक, वातावरणविद् र समुदायका अगुवाहरूको सहभागिता रहनेछ। कार्यक्रम बिहान १० बजेदेखि बेलुकी ४ बजेसम्म सञ्चालन हुनेछ। महोत्सवमा जीवित सर्प प्रदर्शन, सर्प संरक्षण चित्र प्रदर्शनी, बालचित्र प्रतियोगिता, सर्प बचाउने टोलीको प्रदर्शन र सर्पदंश उपचारसम्बन्धी व्यवहारिक सत्र राखिनेछ।

# मरेको सम्झिएका छोरा घर आएपछि खुसियाली

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, २२ कार्तिक। महोत्तरी जिल्लाको मनराशिस्वा नगरपालिका–९, बथनाहाको छठु महतोको घर र टोलमा अहिले खुसियाली छाएको छ। मरिसकेको भनेर सम्झिएका छोरा एक्कासी तीन वर्षपछि घर फर्किएपछि घर र टोलमा खुसियाली देखिएको हो। छठु महतोका ४० वर्षिय छोरा बदियल महतो २०७८ फागुनमा कामकाजको सिलसिलामा दुबई पुगेका थिए। दुबई पुगेको करिब ६ महिनासम्म परिवारको सम्पर्कमा रहनुभएका महतो त्यसपछि सम्पर्कविहिन भएको बुवा छठु महतोले बताउनुभयो। सम्पर्कविहिन भएपछि सबैले दुबई पठाउने गाउँकै एजेन्ट दिवाकर झालाई पटक पटक सोधपुछ गर्नुका साथसाथै महतोलाई अन्य तरिकाबाट खोजबिन गर्दा पनि नभेटिएपछि घर परिवारले उनको मृत्यु भइसकेको ठानेर खोजबिन बन्द गरिदियो।

एक वर्षसम्म एजेन्टसहित दुबईमा बस्ने गाउँका अन्य व्यक्तिहरूले पनि आ–आफनो तरिकाबाट खोजतलाश गरे पनि बदियल नभेटेपछि आफुहरू उनी यस संसारमा नरहेको मानिसकेको बुवा छठु महतोले बताउनुभयो। मानसिक सन्तुलन बिग्रिएको कारण दुबईमा कहाँ गए केही अत्तो नलागेपछि निराश भइसकेका परिवारका लागि आशाको विन्दु बनेर आउनुभयो मनरासिश्वा नगरपालिकाका युवा सुनिल पाण्डेय। बदियल हराएको जानकारी पाएपछि सो सम्बन्धी जानकारी लिन घरमा पुग्दा बुवा, आमा, पत्नी र बालबच्चाहरू समेत उनी मरिसकेको र आफुहरू उनको जिउँदो रहेको आस मारिसकेको बताएको सम्झिनुहुँदै युवा सुनिल पाण्डेयले भन्नुभयो, 'घर परिवारसँग विभिन्न सुचनाहरू जुटाएर खोजतलाश गदै जाँदा नेपालमा फर्किएको तथा दुबईमा मृत्यु भएको कुनै रेकर्ड फेला नपरेपछि आफु उनी जिउँदो रहेको हुन सक्ने विश्वासका साथ दुई वर्षदेखि खोतलाश गर्दै आइरहेको थिएँ।'

मैले उद्धार प्रक्रियामा लागिरहँदा दुबईस्थित नेपाली राजदुतावासका धेरै कर्मचारीहरूलाई विभिन्न माध्यमबाट दिनहुँ सम्पर्क गर्दै दुबईको सानोदेखी ठुलो लगभग सबै प्रहरी युनिटहरूमा बदियल



महतोको फोटो र राहदानी लगायतका कागजातहरू छोडन लगाएर खोजतलाश सुरु गरेको बताउनु हुँदै करिब दुई वर्षको प्रयासपछि बदियल घर फर्किएको बताउनुभयो। गरिबीको कारण उनीहरूलाई खोजतलाश गर्न पनि कठिनाई भइरहेको देखेपछि आफुले खोजतलाशको अग्रसरता लिएको सम्झिनु हुँदै उहाँले सबैको सत्प्रयासले बदियलको उद्धार सम्भव भएको युवा पाण्डेयले बताउनुभयो।

मानसिक सन्तुलन बिग्रिएका बदियललाई दुबईस्थित नेपाली दुतावासले २३ जनवरी २०२६ सम्मको फ्रि पास बनाइ दिएको कारण उनी आफै कार्तिक १९ गते घरसम्म आएको बताउनु हुँदै उद्धार कार्यमा लाग्नुभएका समाजसेवी युवा पाण्डेयले भन्नुभयो, 'निःशुल्क रूपमा आफुसहित अन्य धेरै जनाले उनलाई सकुशल उद्धार गरेकोमा खुसी लागेको छ। उनी जिउँदै घर आएपछि घर परिवारमा समेत खुसियाली छाएको छ।' बुधबार सकुशल घर आइपुगेका बदियलसँग भेटन अहिले टोल छिमेकीहरू पुगिरहेका छन्। जसको कारण घरमा घुइँचो बढेको बुवा छठु महतोले बताउनुभयो।

बदियलका श्रीमती र दुई वटा बच्चा श्रीमान् सम्पर्कविहिन भएपछि कामकाजका लागि भारतको भटिण्डा भन्ने ठाउँमा रहेको छ। उनीहरूसँग समेत खुसियाली साटनका लागि सम्पर्कको प्रयास भइरहेको बदियलका बुवाले बताउनुभयो। अहिले राम्रोसँग नबोल्ने र बिरामी देखिएका बदियलले आफुलाई दुबईमा चामल र पिठोको बोरा बोकाउने जस्ता गह्रो कामहरू गराउने गरेको बताए पनि थप कुराहरू बताउन असमर्थ छन्।

उहाँले छोरालाई सकुशल उद्धार गरिदिएकोमा सबैलाई धन्यवाद दिनु हुँदै विदेश जाने बेलामा एजेन्टले आफुहरूसँग करिब तीन लाख रुपियाँ लिएको र अहिले छोरा बिरामी रहेकोले केही रकम दिलाइदिए आफुहरूलाई केही राहत पुग्ने बताउनुभयो। उहाँले यस कार्यका लागि सहयोग गरिदिन सरोकारवाला निकायहरूसँग गुहार लगाउनुभएको छ।

# मुसहर समुदायलाई सामुदायिक भवन हस्तान्तरण



**सुधा देव**

सप्तरी, २२ कार्तिक। सप्तरीको तिरहुत गाउँपालिका ५ लोहजाराको मुसहर बस्तीमा नव निर्मित प्रसन्न सामुदायिक सेवा केन्द्रको उद्राटन गरेर समुदायलाई हस्तान्तरण गरेको छ। नेपाल युथ फाउन्डेसन नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नव निर्मित भवन शुक्रबार एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरेको हो। गाउँपालिका अध्यक्ष बिजय कुमार यादव, पालिकाको प्रमुख प्रशासकीय अधिकृत ललन यादव, वडा अध्यक्ष रमानन्द चौधरी लगायतले भवन उद्राटन गर्नुभएको थियो।

यस वडामा बसोवास गर्ने हाम्रो समुदायमा यस्तो सुविधा सम्पन्न घर कसैको नभएको बेला समुदायले यस्तो सेवा सुविधा भएको भवन पाउदा समुदाय नै खुशी भएको स्थानीय प्रिंयका सदाले बताउनुभयो। उहाँले भन्नुभयो, "यो सामुदायिक भवन हामीलाई हस्तान्तरण गरेर हाम्रो समुदायलाई ठुलो उपकार गरेको महसुस हामीले गरेका छौँ।" दुई कोठे हल, एउटा भान्सा, शौचालय, बाथरूमसहितको भवन र भवनमा आवश्यक सामग्री दराज, किचेन सामग्री, फर्निचर लगायतमा ५५ लाख रूपियाँ खर्च भएको संस्थाका प्रोजेक्ट कोडिनेटर ललित गहतराजले जानकारी दिनुभयो।

भवन हस्ताक्षरसँगै यस समुदयिक भवनबाट बालबालिकालाई तत्काल निःशुल्क ट्युसन २ घण्टा, नियमित विद्यालय पठाउन, छोराछोरीलाई शिक्षित बनाउनका लागि आमाहरूलाई साक्षरता र सचेतना कार्यक्रम, बालबालिकाकालाई सरसफाई तथा पोषण युक्त खानेकुरा, किशोरी शिक्षा मनोपरामर्श लगायत कक्षा सञ्चालन गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

पालिका अध्यक्ष यादवले जिवनको अन्धकारलाई उज्यालो र सुन्दर बनाउन शिक्षाको महत्त्व भएको र शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर यो संस्थाले विशेष गरी मधेशमा पछाडि पारिएको मुसहर समुदायलाई प्राथमिकतामा राखेर सहयोग गर्दै आएको सराहनीय भएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "शिक्षा बिना समाज परिवर्तनको कल्पना समेत गर्न सकिँदैन।" पालिकाका प्रमुख प्रशासकीय अधिकृत ललन यादवले मुसर समुदायमा शिक्षाको अवस्था र शिक्षाको महत्त्वको विषयमा जानकारी गराउनु भएको थियो ।

# पूर्वमन्त्री एवम् कांग्रेस नेता अफताव आलमको निधन



काठमाडौं, २२ कार्तिक। पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका नेता मोहम्मद अफताव आलमको निधन भएको छ। उच्च रक्तचाप, सुगरलगायत स्वास्थ्यमा समस्या देखिएपछि विगत एक महिनादेखि काठमाण्डौको सीनामंगलमा रहेको काठमाण्डौ मेडिकल कलेजमा उपचार गराइरहेका आलमको गएराति निधन भएको हो। अस्पतालका सञ्चालक एवम् कांग्रेसका निवर्तमान सांसद डा. सुनिल शर्माले आलमको उपचारकैक्रममा निधन भएको जानकारी दिनुभयो। पटक–पटक मन्त्री बनेका आलम २०६४ साल चैत २७ गते पहिलो संविधानसभा चुनावको पूर्वसन्ध्यामा रौतहटको राजपुरमा भएको बम विस्फोटमा परेका यमुनामाई गाउँपालिका घर भएका घाइतेद्वय पिन्टु भनिने त्रिलोकप्रताप सिंह र ओसी अख्तरलाई ईँटाभट्टामा जलाएर हत्या गरेको आरोपमा अदालतबाट जन्मकैदको फैसला भएको थियो। पछि गएको जेठ १४ गते रौतहट जिल्ला अदालतको फैसलाबाट कारागारमुक्त भएपछि ब्रेन स्टोक भएको थियो। आलमका दुई छोरा र एक छोरी छन्।

# सांसद रहबर अन्सारीले मोसो दलेर गरे विरोध



जनकपुर, २२ कार्तिक। मधेस प्रदेशसभाको बैठक चलिरहेकै बेला नेकपा (माओवादी केन्द्र) का प्रदेश सभा सदस्य रहबर अन्सारीले आफ्नै अनुहारमा कालोमोसो दलेका छन्। मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिनका लागि डाकिएको बैठकमा बोल्दै अन्सारीले प्रदेश सभामा रहेका कुनै पनि सदस्यसँग सरकारको नेतृत्व गर्ने नैतिक आधार नरहेको भन्दै विश्वासको मत नदिने घोषणासहित अनुहारमा कालोमोसो दलेका हुन्।

उनले प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै सदस्यहरूले जनताको मर्मअनुसार काम गर्न नसकेकाले यो प्रदेश सभाका सदस्यहरूले निकास दिन नसक्ने स्पष्ट पारे। "आज हामी सबैले गल्ती स्वीकार गर्ने समय आएको छ, अहिलेका हामीमध्ये कोहीसँग सरकारको नेतृत्व गर्ने अधिकार छैन," उनले भने। अन्सारीले बोलेलगत्तै माओवादी केन्द्रकै प्रदेश सभा सदस्य माला कर्णले पनि विश्वासको मत नदिने घोषणा गरिन्। उनले प्रदेश सरकारको निर्णयसमेत केन्द्रले नै नियन्त्रण गरिरहेकाले आफू केन्द्रको निर्णयअनुसार अगाडि बढ्न नसक्ने बताएकी छिन्।

# पूर्वसहसचिव कार्की पक्राउ

काठमाडौं, २२ कार्तिक। काठमाण्डौको दरबारमार्गमा रहेको नेपाल ट्रस्टको जग्गा भाडामा दिँदा अनियमितता भएको बिषयमा अनुसन्धान गर्न प्रहरीले ट्रस्टका तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान ब्युरो ( सीआईबी) ले जग्गा भाडामा दिने सम्झौताबारे अनुसन्धान थाल्दै सहसचिव कार्कीलाई पक्राउ गरेको हो ।

ट्रस्टलाई नोक्सानी हुने गरी ३० वर्षका लागि भाडामा दिने सम्झौता भएको भन्दै प्रहरीले ठगी, आपराधिक विश्वासघातसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको हो। सहसचिव कार्की अहिले अवकाश प्राप्त कर्मचारी हुन्। नेपाल ट्रष्टको जग्गा थामसेर्कु ट्रेकिङ प्रालिलाई भाडामा दिने क्रममा नियमानुसार संचालक समितिको निर्णयबिना र बिनाआधार अर्को कित्ता पनि थप गरी लिज सम्झौता गरिएको थियो ।

२०७४ साल जेठ १४ गते गरेको सम्झौतामा तीन वर्ष निर्माण अवधिको बीओटी मोडलका लागि भएको ठाउँलाई ३० वर्षका लागि लिजमा दिने निर्णय गरिएको थियो। त्यसका लागि ट्रष्टका अधिकारी, कर्मचारी र अन्य व्यक्तिहरूले गैरकानूनी लाभ लिएको प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरीले जनाएको छ।

समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)